
## सुरुमा

"सिजुओकामा जापानी भाषा बोलौं" भनेको सिजुओका सहरमा बसोबास गरी, जापानी भाषा अध्ययन गर्ने व्यक्तिहरूको लागि तयार गरिएको शिक्षण सामग्री हो। यसमा दैनिक जीवनमा आफू वरिपरिका विषयहरूबारे अध्ययन गर्न सकिन्छ। यसको उद्देश्य तपाईंलाई आफ्नो कुरा र भावना अरूलाई भन्न सक्ने बनाउन मद्दत गर्नु हो। आफ्ना सहपाठी, साथी, परिवार, सहकर्मी र स्थानीयहरूसँग जापानी भाषामा धेरै कुरा गर्नुहोस्। त्यसपछि तपाईंले सिजुओका सहरमा जापानी भाषा प्रयोग गरेर हरेक दिन रमाइलोसँग आफूले चाहे अनुसारको दैनिक जीवन बिताउन सक्नुहुन्छ भन्ने आशा गर्दछौं।

## शिक्षण सामग्रीबारे

यो शिक्षण सामग्रीमा 5 जना पात्रहरूले आफ्ना कुराहरू भन्नेछन्। तपाईंले ती कुराहरू सुनेर, ती कुराहरू आवाज निकालेर भनी अभ्यास गर्नुहोस्। त्यसपछि अन्त्यमा सुनेको कुराको नक्कल गरी, आफ्नो कुरा भन्नुहोस्। चित्रहरू हेर्दा, बायाँबाट घडी घुम्ने दिशामा हेर्नुहोस्।





## गर्न सक्ने बयानहरू (Can-do statements)

| Unit | शीर्षक | उद्देश्य | Can-do |
|---|---|---|---|
| 1 | नमस्ते (कसैलाई पहिलो पटक भेटेको बेला)। | पहिलो पटक भेटेको व्यक्तिलाई आफ्नो परिचय दिन सकिन्छ। | ◆म नाम, जन्मस्थल, पेसा आदि भनेर सरल ढंगमा आफ्नो परिचय दिन सक्छु।<br>◆म पहिलो पटक भेटेको व्यक्तिलाई नाम, जन्मस्थल, पेसा आदिबारे प्रश्न गर्न र सरल ढंगमा प्रश्नको जवाफ दिन सक्छु। |
| 2 | मेरो परिवारमा 4 जना छन्। | परिवार, साथी आदिबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆म परिवार, साथी आदिको पेसा, उमेर आदिबारे कुरा गर्न सक्छु।<br>◆म परिवार र साथीहरूबारे प्रश्न गर्न र जवाफ दिन सक्छु। |
| 3 | मलाई खेलकुद मन पर्छ।。 | रुचि र मन पर्ने कुराहरूबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆म रुचि र मन पर्ने कुराहरूबारे कुरा गर्न सक्छु।<br>◆म रुचि र मन पर्ने कुराहरूबारे प्रश्न गर्न र जवाफ दिन सक्छु। |
| 4 | म हरेक बिहान 6 बजे उठ्छु। | दैनिक जीवनयापनबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆म दैनिक जीवनयापन गर्ने गतिविधिहरूबारे कुरा गर्न सक्छु।<br>◆म कति बजे के गर्ने भनेर क्रम अनुसार कुरा गर्न सक्छु।<br>◆म दैनिक जीवनयापनबारे प्रश्न गर्न र जवाफ दिन सक्छु। |
| 5 | म हिजो किनमेल गर्न गएँ। | बिदाको दिन, सप्ताहन्त जस्ता विगतमा गरेका गतिविधिहरूबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆म बिदाको दिन र सप्ताहन्तमा गरेको गतिविधिहरूबारे कुरा गर्न र त्यस प्रतिको विचार व्यक्त गर्न सक्छु।<br>◆म बिदाको दिन र सप्ताहन्तमा गरेको कुराहरूबारे प्रश्न गर्न र जवाफ दिन सक्छु। |
| 6 | म सिजुओका सहरमा बसोबास गरिरहेको छु। | बसोबास गरिरहेको ठाउँबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆म बसोबास गरिरहेको ठाउँमा के छ भनेर भन्न सक्छु।<br>◆म बसोबास गरिरहेको ठाउँबारे प्रश्न गर्न र जवाफ दिन सक्छु। |
| 7 | म फराकिलो (ठूलो) घरमा बसोबास गर्न चाहन्छु। | आफूले गर्न चाहेको कुरा, अपेक्षा आदिबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆म आउने दिनहरूमा गर्न चाहेको कुराहरू, अपेक्षा आदिबारे कुरा गर्न सक्छु।<br>◆म आउने दिनहरूमा गर्न चाहेको कुराहरू, अपेक्षा आदिबारे प्रश्न गर्न र प्रश्नको जवाफ दिन सक्छु। |

## गर्न सक्ने बयानहरू (Can-do statements)

| Unit | शीर्षक | उद्देश्य | Can-do |
|---|---|---|---|
| 8 | अहिले म सञ्चै छु। | आफ्नो स्वास्थ्य र बिरामी भएको बेलाको अनुभव भन्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆ म बिरामी भएको बेलाको अनुभव भन्न सक्छु।<br>◆ म आफ्नो स्वास्थ्यबारे कुरा गर्न सक्छु।<br>◆ म रोगहरू र स्वास्थ्यबारे प्रश्न गर्न र जवाफ दिन सक्छु। |
| 9 | म रेस्टुरेन्टमा काम गर्छु। | आफ्नो काम र सामान्यतया गर्ने गरेको गतिविधिहरूबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆ म हाल गरिरहेको काम, यस अघि गरेका कामहरू र काम बाहेकका अन्य सामान्यतया गर्ने गरेको गतिविधिहरूबारे कुरा गर्न सक्छु।<br>◆ म कामको किसिम, सामान्यतया आफूले गर्ने गरेको गतिविधिहरू र विगतमा आफूले गरेको गतिविधिहरूबारे कुरा गर्न सक्छु।<br>◆ म काम र सामान्यतया गर्ने गरेको गतिविधिहरूबारे प्रश्न गर्न र जवाफ दिन सक्छु।<br>◆ म अरूको काम वा अरूले गर्ने गरेको गतिविधिहरू बुझ्न सक्छु। |
| 10 | सिजुओका ओदेन खाएर हेर्नुहोस्। | अरूलाई सुझाव दिन र अरूसँग सुझाव माग्न सकिन्छ। | ◆ म आफ्नो देश र विगतमा गएको ठाउँहरूबारे कुरा गर्न सक्छु।<br>◆ म आफ्नो देश र विगतमा गएको ठाउँहरूबारे सुझाव दिन सक्छु।<br>◆ म अरूसँग सुझाव मागेर, ती सुझावहरू बुझ्न सक्छु।<br>◆ म अरूले आफूसँग सुझाव मागेमा, त्यसको जवाफ दिन सक्छु। |
| 11 | मैले साथीबाट उपहार पाएँ। | खुसी लागेका कुराहरू र अनुभवहरूबारे कुरा गर्न र अरूलाई प्रश्न सोध्न सकिन्छ। | ◆ म खुसी लागेका कुराहरू, अनुभवहरूको कारणहरू र त्यस प्रतिको विचार व्यक्त गर्न सक्छु।<br>◆ म अरूले आफ्नो लागि गरिदिएको गतिविधिहरूबारे कुरा गर्न सक्छु।<br>◆ म अरूले भनेको खुसी लागेका कुराहरू बुझ्न सक्छु। |
| 12 | यो हप्ताको आइतबार पर्व ओमाचुरी छ रे। | स्थानीय जानकारी र इभेन्ट सम्बन्धी जानकारीबारे अरूलाई बताउन र सोध्न सकिन्छ। | ◆ म स्थानीय जानकारी र इभेन्ट सम्बन्धी जानकारी प्राप्त गर्न सक्छु।<br>◆ म हेल्प-लाइन हेरेर जानकारी प्राप्त गर्न सक्छु।<br>◆ म आफूले प्राप्त गरेको स्थानीय जानकारी र इभेन्ट सम्बन्धी जानकारी अरूलाई बताउन सक्छु।<br>◆ म अरूले भनेको जानकारी बुझ्न सक्छु। |



## Kata Pengantar

“Ayo Bicara Bahasa Jepang di Shizuoka” ini adalah bahan ajar yang ditujukan untuk orang yang akan/sedang belajar bahasa Jepang dan tinggal di kota Shizuoka. Dengan bahan ajar ini, Anda bisa belajar mengenai topik-topik yang dekat dengan kehidupan kita sehari-harinya. Tujuannya adalah untuk membantu Anda menjadi bisa bercerita tentang diri Anda sendiri dan menyampaikan bagaimana perasaan Anda. Cobalah untuk banyak berbicara dalam bahasa Jepang dengan teman sekelas, keluarga, rekan kerja, maupun warga setempat. Kami doakan Anda nantinya bisa menjalani kehidupan yang menyenangkan setiap harinya sebagai diri Anda sendiri dengan berbicara menggunakan bahasa Jepang di kota Shizuoka.

## Tentang bahan ajar ini

Bahan ajar ini menampilkan lima orang tokoh yang akan bercerita tentang diri mereka masing-masing. Anda diminta untuk mendengarkan cerita tersebut, lalu mempraktikkannya dengan mengulangi cerita tersebut dengan suara Anda sendiri. Terakhir, buatlah cerita tentang diri Anda sendiri dengan meniru cerita yang telah Anda dengar, kemudian ceritakanlah. Silakan lihat gambar ilustrasi secara berurutan searah jarum jam dari kiri.

